पाख्रीबास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
पाख्रीबास,धनकुटा
२०७३

प.सं:-२०८०/०८१
च.नं.

कोशी प्रदेश, नेपाल
मिति:

## तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/१०/०२**

उपर्युक्त सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ र संघीय लोक सेवा आयोग एवं प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई पाख्रीबास नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास नगरपालिकाअन्तर्गतका कार्यालयहरुमा समायोजन/समायोजन संशोधन भई कार्यरत कर्मचारीहरुलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद २ को दफा ४ को उपदफा (५) र ऐ.ऐनको परिच्छेद ५ को दफा २७ को उपदफा (१) बमोजिम न्यूनतम सेवा अवधि र योग्यता पुगेका कर्मचारीहरुलाई तपसीलका कागजातहरुसहित यो सूचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र तह वृद्धिका लागि पाख्रीबास नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटामा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसीलः**

१. निवेदन

२. स्थायी नियुक्ति पत्रको प्रमाणपत्र

३. समायोजन भएको पत्र वा संघीय लोक सेवा आयोगको सिफारिसअनुसार भएको नियुक्ति पत्रको प्रमाणपत्र

४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

५. पछिल्लो ३ (तीन) वर्षको का.स.मू ।

**द्रष्टव्यः निवेदन पेश गर्न चाहने कर्मचारीहरुले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २, ४, ८, २७, ३१, ५६ को उपदफा (३) र दफा ५७ को उपदफा (१) को स्प्टीकरण खण्डमा उल्लिखित प्रावधानहरु अध्ययन गरी निवेदन पेश गर्नु हुन समेत सूचित गरिन्छ ।**

खगेन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत



फोन नं.: ०२६-४०५१६७, वेबसाइट:www.pakhribasmun.gov.np ईमेल:pakhribas.nagarpalika@gmail.com